नेपाल सरकार

# राष्ट्रिय सूचना आयोग

## आयोगका पदाधिकारी नियुक्ती सम्बन्धमा मिति २०७१/०६/२२ वुधबार जारी गरिएको

## प्रेस विज्ञप्ती

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको र उक्त ऐनको दफा ११ अनुसार आयोगमा प्रमुख सूचना आयुक्त एक र एक महिला समेत दुई सूचना आयुक्त गरी ३ (तीन) जनाको आयोग रहेको अवस्थामा पहिले नियुक्त हुनुभएका पदाधिकारीहरुको पदावधि समाप्त भएको कारण रिक्त पदहरुमा योग्य र उपयुक्त व्यक्तिहरुको नियुक्तीको लागि सिफारिस गर्ने उक्त ऐनको दफा ११ (३) अनुसार गठित सिफारिस समितिको हालै बसेको बैठकले आयोगको रिक्त पदहरुमा नियुक्तीको लागि सिफारिस गर्न योग्य तथा इच्छुक उम्मेदवारहरुबाट दरखास्त माग गर्ने निर्णय गरेको छ ।

उक्त निर्णय अनुरुप राष्ट्रिय सूचना आयोगले मिति २०७१/०६/२१ गते वुधबारका दिन **"गोरखापत्र"** दैनिकको प्रथम पृष्ठमा बिज्ञापन तथा आयोगको कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी आयोगका पदाधिकारी हुन देहाय अनुसारका योग्यता र अनुभव भएका इच्छुक उम्मेदवारहरुलाई राष्ट्रिय सूचना आयोग समक्ष लिखितरुपमा दरखास्त पेश गर्न आव्हान् गरेको छ ।

**योग्यता :**

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्ती हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको

(ग) आमसञ्चार, कानून न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको ।

माथि उल्लेखित सूचनामा आयोगका पदाधिकारी हुन इच्छुक उम्मेद्वारले सूचना प्रकाशित भएको मितिले आगामी १५ (पन्ध्र) दिन अर्थात मिति २०७१/०७/०४ गते मंगलवारका दिनको कार्यालय समयभित्र आयोग समक्ष प्रस्तुत गर्ने दरखास्तमा आफ्नो व्यक्तिगत विवरणका साथै माथि उल्लेखित योग्यताका प्रमाणित प्रतिलिपिहरु समेत पेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

सूचनाको हकको प्रचलन र यसको प्रर्वद्धनमा सूचना आयुक्तहरुको गहन भूमिका हुने तथा उहाँहरुको प्रभावकारी कार्य सम्पादनवाट देशमा सुशासन कायम गर्न सघाउ पुग्ने हुँदा यस्तो गरिमामय पदमा नियुक्त हुन बढी भन्दा बढी इच्छुक तथा योग्य महानुभावहरुको आवेदन आयोगमा प्राप्त हुने अपेक्षा समेत आयोगले गरेको छ ।

**आयोगको सम्पर्क ठेगाना**

पेरिस डाँडा, काठमाडौं
फोन नं : ०१–४६०२७४७, ०१–४६०२९२०, फ्याक्स नं. : ०१–४६०१२१२
इमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np

०७१।६।२२
उप-सचिव